नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४५११७७६
मोबाइल नं ९८५१२८५१४८

पो.ब.नं.:४०७

लाजिम्पाट, काठमाडौं ।

पत्र संख्या :(०८३/०८४)

प्रा.प.सं. :

प्रेस बिज्ञप्ती-३४

आपराधिक विश्वासघात तथा संगठित अपराध अन्तर्गतको कसूरमा संलग्न दुग्ध विकास संस्थान (DDC) का तत्कालिन महाप्रबन्धक सहित ८ जना पक्राउ

नेपाल सरकारको स्वामित्वमा रहेको दुग्ध विकास संस्थान (DDC) का तत्कालिन महाप्रबन्धक तथा कर्मचारीहरूको संलग्नतामा गैर कानूनी रुपमा आर्थिक लाभ लिई संस्थानलाई गंभीर हानि नोक्सानी पुऱ्याउने कार्य भइरहेको भन्ने उजुरीको प्रारम्भिक छानबिनका आधारमा संस्थानका तत्कालीन महाप्रबन्धक, सोही संस्थानका प्रशासनिक उच्च तहका अधिकारीहरू, चिस्यान केन्द्रका प्रमुखहरू तथा कर्मचारीहरूको पूर्व-नियोजित योजना र मिलेमतोमा सङ्गठित सञ्जालको आवरणमा विभिन्न समूह खडा गरी संस्थानलाई प्रत्यक्ष आर्थिक हानि नोक्सानी पुऱ्याई रु. १२,१३,४३,५३० (बाह्र करोड तेह्र लाख त्रिचालीस हजार पाँच सय तीस रुपैया) गैरकानुनी लाभ लिएको प्रारम्भिक रुपमा पुष्टि हुन आएको हुँदा **मुलुकी अपराध संहिता, २०७४ को 'आपराधिक विश्वासघात गर्न नहुने कसूर'** तथा **'सङ्गठित अपराध निवारण ऐन, २०७०'** अन्तर्गतको कसूर गरेको देखिएकोले सम्मानित काठमाडौं जिल्ला अदालत बबरमहलबाट पक्राउ अनुमति लिई निम्न प्रतिवादीहरूलाई मिति २०८३/०७/१३ गते बिभिन्न स्थानबाट पक्राउ गरी थप अनुसन्धान कार्य भइरहेको व्यहोरा अनुरोध गरिन्छ ।

निम्न:

१. जिल्ला सर्लाही बलरा नगरपालिका वडा नं. ३ स्थायी वतन भई जिल्ला काठमाडौं कागेश्वरी मनहरा न.पा. वडा नं. ६ बस्ने बर्ष ४५ को **संजिव झा**, तत्कालीन महाप्रबन्धक तथा हाल दुग्ध विकास संस्थान लैनचौरको प्रशासन तथा व्यवस्थापन विभाग प्रमुखको रुपमा कार्यरत, **पक्राउ स्थान:** कामनपा वडा नं. २६ लैनचौर, काठमाडौं ।

२. जिल्ला सिराहा सिराहा न.पा. वडा नं.०१ स्थायी वतन भई जिल्ला काठमाडौं तार्केश्वर न.पा.वडा नं.०४ बस्ने **बर्ष ४६ को बिजय कुमार यादव,** तत्कालिन सिम्ले चिस्यान केन्द्र ईञ्चार्ज हाल काठमाडौं दुग्ध वितरण आयोजना बालाजुमा जुनियर टेक्निकल असिस्टेन्टको रूपमा कार्यरत, **पक्राउ स्थान:** कामनपा वडा नं. १६ बालाजु, काठमाडौं ।

३. जिल्ला पर्वत मोदी गाउँ पालिका वडा नं.४ स्थायी वतन भई हाल जिल्ला काठमाडौं तार्केश्वर न.पा.वडा नं.०६ बस्ने वर्ष ५५ को **मनहरी शर्मा,** तत्कालिन भक्तपुर चिस्यान केन्द्रको ईञ्चार्ज हाल दुग्ध विकास संस्थान केन्द्रीय कार्यालय लैनचौरमा जुनियर टेक्निकल असिस्टेन्ट को रूपमा कार्यरत, **पक्राउ स्थान:** पोखरा मनपा वडा नं. १४, कास्की ।

४. जिल्ला सर्लाही मोहनपुर गा.वि.स. वडा नं.०५ स्थायी वतन भई हाल जिल्ला चितवन भ.म.न.पा. वडा नं. ०५ कल्याणपुर बस्ने बर्ष ४९ को **रामकेवल राय,** तत्कालीन चनौलि चिस्यान केन्द्र ईञ्चार्ज हाल काठमाडौं दुग्ध वितरण आयोजना संकलन केन्द्रमा जुनियर टेक्निकल असिस्टेन्टको रूपमा कार्यरत, **पक्राउ स्थान:** चन्द्रनगर गाउपालिका वडा नं ५ मोहनपुर, सर्लाही ।

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्युरो

५. जिल्ला सर्लाही चन्द्रनगर गाउँ पालिका वडा नं. ०५ घर भई हाल जिल्ला चितवन भ.म.न.पा.वडा नं.०५ कल्याणपुर बस्ने बर्ष २८ को **जितेन्द्र कुमार यादव**, भरपाई पदका कर्मचारी, बागमती धुलो दुध कारखाना, हेटौडामा कार्यरत, **पक्राउ स्थान:** भरतपुर नपा वडा नं. ५ आनन्दपुर, चितवन।

६. जिल्ला सर्लाही चन्द्र नगर गाउँ पालिका वडा नं. ०२ घर भई बस्ने बर्ष ३२ को **नविन राय यादव**, डेरी ब्वाई पदका कर्मचारी, नवलपुर/गरुडा चिस्यान केन्द्र ईन्चार्ज, **पक्राउ स्थान:** लालबन्दी नपा वडा नं. ५ मेजरगञ्ज, सर्लाही।

७. जिल्ला सर्लाही चन्द्र नगर गाउँ पालिका वडा नं. ०५ घर भई हाल जिल्ला चितवन माडी न.पा.वडा नं.०२ बस्ने वर्ष ४६ को **शिव नन्दन राय**, दैनिक पारिश्रमिक पदका कर्मचारी, माडी चिस्यान केन्द्रमा कार्यरत, **पक्राउ स्थान:** माडी नपा वडा नं. १ भरुवा, चितवन।

८. जिल्ला सिन्धुपाल्चोक कालिका गा.पा. वडा नं.७ बस्ने बर्ष ४८ को **विख बहादुर भण्डारी,** जुनियर टेक्निकल असिस्टेन्ट, चिस्यान केन्द्र ईन्चार्ज माडि चितवन, **पक्राउ स्थान:** माडि नपा वडा नं. १, चितवन।

सह प्रवक्ता/सूचना अधिकारी
(योगेन्द्र कुमार खड्का)
प्रहरी उपरीक्षक
सम्पर्क नं.९८५१२९११३११

मिति:-२०८३।०७।१३ गते
ने.स. ११४६